बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय
प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय

पत्र संख्याः २०८३/८४
चलानी नं.

काठमाडौं उपत्यका (सानेपा, ललितपुर), नेपाल।
registrar.mocpa@bagamati.gov.np

सूचना

बचत रकम फिर्तासम्बन्धी उजुरी अनलाइन प्रणालीमार्फत दर्ता गर्ने सम्बन्धमा

सूचना प्रकाशित मितिः २०८३/०६/२६

बागमती प्रदेशभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरूमा बचत रकम जम्मा गरी तोकिएको समयावधिमा बचत रकम फिर्ता प्राप्त गर्न नसक्नुभएका बचतकर्ताहरूको गुनासो तथा उजुरीलाई व्यवस्थित रूपमा संकलन, अभिलेखीकरण र सुनुवाइ गर्ने उद्देश्यले यस कार्यालयबाट **"बचत फिर्ता उजुरी प्रणाली"** सञ्चालनमा ल्याइएको छ। उक्त प्रणालीमार्फत बचतकर्ताहरूले अनलाइन माध्यमबाट आफ्नो व्यक्तिगत प्रोफाइल तयार गरी बचत रकम फिर्तासम्बन्धी उजुरी तथा आवश्यक विवरण यस कार्यालयमा पेश गर्न सक्ने व्यवस्था गरिएको हुँदा सम्बन्धित सबै बचतकर्ताहरूलाई देहाय बमोजिमको प्रक्रिया अपनाई आफ्नो उजुरी अनलाइन प्रणालीमार्फत दर्ता गर्नुहुन अनुरोध गरिन्छ।

१. उजुरी दर्ता गर्ने वेबसाइटः
https://complaincor.bagamati.gov.np/

२. उजुरी दर्ता गर्ने प्रक्रियाः

- माथि उल्लिखित वेबसाइटमा प्रवेश गर्ने।
- आफ्नो व्यक्तिगत प्रोफाइल तयार गरी आवश्यक व्यक्तिगत विवरण भर्ने।
- सम्बन्धित सहकारी संस्थाको नाम, ठेगाना तथा उपलब्ध संस्थागत विवरण उल्लेख गर्ने।
- सहकारी संस्थामा जम्मा गरेको बचत रकम, बचतको प्रकार, जम्मा गरेको मिति, फिर्ता पाउन बाँकी रकम तथा अन्य आवश्यक विवरण स्पष्ट रूपमा भर्ने।
- बचत पासबुक, भौचर, बैंक कारोबार विवरण, बचत खाता विवरण, नागरिकताको प्रमाणपत्र तथा अन्य उपलब्ध प्रमाणहरू प्रणालीमा तोकिएबमोजिम अपलोड गर्ने।
- विवरण पूर्ण रूपमा रुजु गरी अनलाइन प्रणालीमार्फत उजुरी पेश गर्ने।

३. विशेष अनुरोध तथा जानकारीः

(क) उजुरी पेश गर्दा आफ्नो वास्तविक विवरण र बचत रकमसम्बन्धी तथ्यगत विवरण मात्र उल्लेख गर्नुहुन अनुरोध छ।

(ख) एकै बचतकर्ताको एउटै बचत दाबीका सम्बन्धमा दोहोरो उजुरी दर्ता नगर्नुहुन अनुरोध छ।

वेबसाईटः www.cor.bagamati.gov.np, इमेलः registrarbagamati@gmail.com,
काठमाडौं उपत्यका, सानेपा, ललितपुर (नयाँ बाटो),नेपाल

CamScanner

पत्र संख्याः २०८३/८४
चलानी नं.

काठमाडौं उपत्यका (सानेपा, ललितपुर),नेपाल।
registrar.mocpa@bagamati.gov.np

(ग) उजुरी दर्ता गर्दा पेश गरिएका विवरण तथा कागजातहरू सत्य, स्पष्ट र प्रमाणमा आधारित हुनुपर्नेछ। झुट्टा वा भ्रामक विवरण पेश गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुन सक्नेछ।

(घ) यस प्रणालीमा उजुरी दर्ता गर्नु बचत रकम तत्काल फिर्ता हुने सुनिश्चितता नभई बचतकर्ताको गुनासो अभिलेखीकरण, विवरण संकलन तथा प्रचलित कानुनबमोजिम आवश्यक छानबिन र कारबाही प्रक्रियालाई सहजीकरण गर्ने माध्यम हो।

(ङ) अनलाइन प्रणालीमा उजुरी दर्ता गर्न कठिनाइ भएमा आवश्यक सहयोग तथा जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

CamScanner